जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## सम्पूर्ण उपभोक्ता तथा बिक्रेताको जानकारीका लागि अत्यन्त जरुरी सूचना

१. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो भने प्रवाह गर्नु विक्रेताको कर्तव्य हो । बिना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो र सेवा प्रवाह गर्नु बिक्रेताको कर्तव्य हो ।

२. आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो भने उक्त मूल्यसूचि हेर्न पाउनु उपभोक्ताको अधिकार हो । साथै वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्न पाउनु क्रेताको अधिकार हो ।

३. आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु विक्रेताको कर्तव्य हो ।

४. खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो, भने त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य हो । वस्तु वा सेवाको प्रयोगबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो र त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य ।

५. खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन सबैले ख्याल गरौं ।

६. उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

७. बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

८. अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो । खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

तसर्थ, उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं । सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (https://crmis.doc.gov.np. टोलफ्री नं. ११३७ वा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको फोन नं. ०९९-५२११०९ वा शुक्लाफाँटा नगरपालिकाको info@shuklaphantamun.gov.np वा फोन नं. ०९९-५४००१० मा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं ।

उपभोक्ता हित संरक्षण अभियानमा -

मेरो सहकार्य ! तपाईंको सहकार्य !! हामी सबैको सहकार्य !!!

**शुक्लाफाँटा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
झलारी, कञ्चनपुर

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाण्डौ